26 April 2024

## यो आकाशवाणी हो

## समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

मुख्य समाचार

- लोकसभा चुनाउको दोस्रो चरणको मतदान आज शान्तिपूर्ण सम्पन्न, 65 प्रतिशतभन्दा धेरै मतदान
- VVPAT स्लिपहरूसँग EVM -को डाटा मिलाउनु पर्ने माग गर्ने याचिकाहरू सर्वोच्च न्यायालयद्वारा खारेज
- लोकसभा चुनाउको पाँचौ चरणको निम्ति अधिसूचना जारी
- आर्चरी विश्वकपमा ज्योति अनि अभिषेकको मिश्रित जोडी फाइनलमा, अनि
- आइपीएलमा अहिले कोलकाता र पञ्जाबको भिडन्त हुँदै

अब समाचार विस्तारमा

### लोकसभा चुनाउ -दोस्रो चरण

लोकसभा चुनाउको दोस्रो चरणको मतदान आज शान्तिपूर्ण सम्पन्न भयो। बेलुकी पाँच बजीसम्ममा 65 प्रतिशतभन्दा धेरै मतदान भयो। मतदान प्रतिशत बढ्ने सम्भावना रहेको छ।

बेलुकी पाँच बजीसम्ममा मणिपुर र त्रिपुरामा 76 प्रतिशत, छतिसगढ र पश्चिम बंगालमा 72 प्रतिशत, असममा 70 प्रतिशत, जम्मू-कश्मीरमा 67 प्रतिशत, कर्नाटक र केरलमा 64 प्रतिशत, राजस्तानमा 59 प्रतिशत, मध्य प्रदेश 55 प्रतिशत, महाराष्ट र बिहारमा 54 प्रतिशत र उत्तर प्रदेशमा 53 प्रतिशत मतदान भएको थियो।

दोस्रो चरणमा 12 राज्य र एक केन्द्र शासित प्रदेशका 88 सिटका लागि मतदान भयो। जसमा केरलका 20, कर्नाटकका १४, राजस्थानका १३, उत्तर प्रदेश र महाराष्ट्रका ८–८, मध्य प्रदेशका ६, असम र बिहारका ५–५, पश्चिम बंगाल र छत्तीसगढका तीन-तीन अनि मणिपुर, त्रिपुरा र जम्मू–कश्मीरका एक एक सिट रहेका छन्।

बहुजन समाज पार्टीका उम्मेदवारको मृत्यु भएपछि मध्य प्रदेशको बैतुल संसदीय सीटमा दोस्रो चरणको मतदान तेस्रो चरणमा हुने भएको छ। यस चरणमा कुल एक हजार 198 जना उम्मेदवार चुनावी मैदानमा थिए ।

मतदान बेलुकी 6 बजीसम्म भएको थियो। गर्मीको मौसमलाई ध्यानमा राखेर बिहारका बाँका, मधेपुरा, खगड़िया अनि मुङ्गेर निर्वाचन क्षेत्रका अधिकांश मतदान केन्द्रहरूमा मतदानको समय बेलुकी 6 बजीसम्म बढाइएको थियो।

यस चरणमा कुल 15 करोड़ 88 लाखभन्दा धेरै मतदाताले आफ्नो मताधिकारको प्रयोग गरेका छन्। मतदानका लागि एक लाख 67 हजार मतदान केन्द्र बनाइएका थिए। जसका लागि 16 लाखभन्दा धेरै मतदान अधिकारी तैनात गरिएका थिए।

दोस्रो चरणको चुनाउमा लोकसभा अध्यक्ष श्री ओम बिड़ला, 5 जना केन्द्रीय मन्त्री, 2 जना पूर्व मुख्यमन्त्री, कंग्रेस नेता श्री राहुल गांधी, श्री शशि थरूर अनि श्रीमती हेमा मालिनीको सिटमा पनि मतदान भयो।

## सर्वोच्च न्यायालय- VVPAT

सर्वोच्च न्यायालयले आज भोटर भेरिफाइबल पेपर अडिट ट्रेल - VVPAT स्लिपहरूसँग इलेक्ट्रोनिक भोटिङ मेशिन EVM डाटा सय प्रतिशत मिलाउनु पर्ने माग गर्ने याचिकाहरू खारेज गरिदियो।

न्यायाधीश न्यायमूर्ति सञ्जीव खन्ना अनि न्यायमुर्ति दिपङ्कर दत्तको खण्डपीठले यस्तो निर्णय गरेको हो । न्यायालयले यस मामिलाको निर्णय १८ अप्रेलमा सुरक्षित राखेको थियो। खण्डपीठले निर्वाचन आयोगसँग केही प्राविधिक स्पष्टीकरण मागेपछि यो विषय 24 अप्रेलमा पुनः सूचीकृत गरिएको थियो। निर्वाचन आयोगले दिएको स्पष्टीकरणलाई ध्यानमा राखी न्यायालयले आज निर्णय सार्वजनिक गरेको हो ।

निर्णय सम्बन्धमा न्यायमूर्ति खन्नाले भन्नुभयो, ब्यालेट पेपर मार्फत मतदान गराउने अनि EVM-VVPAT को पूर्ण जाँच गर्नुपर्ने तथा मतदाताहरूलाई VVPAT स्लिपहरू दिनुपर्ने माग गरिएका याचिकाहरू खारेज गरिएका छन्। सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई दुईवटा निर्देशन दिएको छ । इभिएममा चिन्ह लोड भएपछि सिम्बोल लोडिङ युनिटलाई सिल गरी कन्टेनरमा सुरक्षित राख्नुपर्ने न्यायालयले जनाएको छ । यसमा उम्मेदवार र तिनका प्रतिनिधिको हस्ताक्षर हुनुपर्नेछ। नतिजा घोषणा भएको कम्तिमा ४५ दिनसम्म ईभिएमसहितको स्टोर रुममा सिल गरिएको कन्टेनर राखिनुपर्छ । यसलाई EVM जस्तै खोल्नु र सिल गर्नुपर्छ । अर्को निर्देशनमा अदालतले ५ प्रतिशत ईभीएममा बर्न्ट मेमोरी सेमीकन्ट्रोलर, कन्ट्रोल यूनिट रहेको उल्लेख गर्दै दुई वा तीन जना उम्मेदवारको लिखित अनुरोधमा नतिजा घोषणा गरेपछि इभिएम निर्माताका इन्जिनियरहरूद्वारा प्रत्येक विधानसभा निर्वाचन क्षेत्रका लागि मतपत्र एकाइहरू र VVPAT हरूको जाँच गरी प्रमाणित गरिनुपर्छ। यस प्रकारको अनुरोध नतिजा घोषणा भएको सात दिन भित्रमा गरिसक्नुपर्नेछ।

यस्तो अनुरोधमा लाग्ने खर्च उम्मेदवारले वहन गर्नेछ। यदि ईभीएममा छेडछाड भएमा उक्त खर्च उम्मेदवारलाई फिर्ता गरिनेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**पाँचौ चरण - अधिसूचना**

लोकसभा चुनाउको पाँचौ चरणको निम्ति आज अधिसूचना जारी भएसँगै उम्मेदवारी दर्ताको प्रक्रिया पनि सुरु भएको छ । यस चरणमा ६ राज्य र दुई केन्द्र शासित प्रदेशका ४९ सिटका लागि मतदान हुनेछ। यस चरणमा उत्तर प्रदेशका १४, महाराष्ट्रका १३, पश्चिम बंगालका सात, ओडिशा र बिहारका पाँच–पाँच, झारखण्डका तीन र जम्मू–कश्मीर र लद्दाखका एक–एक सिटका लागि मतदान हुँदैछ ।

मई ३ तारिकसम्म मनोनयन पत्र दर्ता गर्न सकिने छ । यस चरणको मतदान मई २० तारिक हुनेछ। ओडिशामा दोस्रो चरणको विधानसभा चुनाउको लागि पनि आज अधिसूचना जारी भयो।

**चुनाउ प्रचार**

लोकसभा चुनाउको तेस्रो चरणको मतदानका लागि चुनावी प्रचार प्रसार तिब्रगतिमा अघि बढिरहेको छ। यस चरणमा ७ मईको दिन १२ राज्यका ९४ सिटमा मतदान हुनेछन् । तेस्रो चरणमा कुल एक हजार तीन सय ५१ जना उम्मेदवार चुनावी मैदानमा छन् । यस चरणमा गुजरातका २५, असमका ४, बिहारका ५, छत्तीसगढका ७, उत्तर प्रदेशका १०, महाराष्ट्रका ११, कर्नाटकका १४, पश्चिम बंगालका ४, मध्य प्रदेशका ९, गोवा र दादरा नगर हवेलीका २–२ अनि जम्मू कश्मीरको एउटा सिटका लागि मतदान हुनेछ ।

प्रधानमन्त्री एवम् भारतीय जनता पार्टी भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको मालदामा पार्टीका उम्मेदवारहरूको समर्थनमा चुनावी जनसभालाई सम्बधन गर्नुभयो।

समाजवादी पार्टी प्रमुख श्री अखिलेश यादवले आज ऐटामा चुनावी जनसभालाई सम्बोधन गर्नुभयो। बहुजन समाज पार्टी नेता श्री आकाश आनन्दले अम्बेडकर नगर अनि कौशाम्बीमा जनसभा गर्नुभयो।

**मनोनयन पत्र जाँच**

लोकसभा चुनाउको चौथो चरणका लागि मनोनयन पत्रहरूको जाँच आज सम्पन्न भयो। नौ राज्य अनि एक केन्द्र शासित प्रदेशका कुल 96 लोकसभा सीटका लागि मतदान 13 मईमा हुनेछ। मनोनयन पत्र फिर्ता लिने अन्तिम दिन सोमबार रहेको छ।

चौथो चरणमा आन्ध्र प्रदेशका सबै 25 निर्वाचन क्षेत्र, तेलङ्गानाका 17, उत्तर प्रदेशका 13, महाराष्ट्रका 11, मध्य प्रदेश अनि पश्चिम बंगालका आठ-आठ, बिहारका 5, झारखण्ड अनि ओडिसाका चार-चार तथा जम्मू-कश्मीरको 1 सीटका लागि मतदान हुनेछ।

**गर्मी -लू**

मौसम विभागले आउँदो चार दिनसम्म पूर्वी तथा दक्षिण भारतमा भीषण लू को स्थिति रहने अनुमान व्यक्त गरेको छ। मौसम विभागले भनेको छ, यस महिनाको 30 तारीखसम्म बिहार, झारखण्ड, तटीय आन्ध्र प्रदेश, यनम, तेलङ्गाना, रोयलसीमा, कर्नाटक अनि पूर्वी उत्तर प्रदेशका केही स्थानमा अनि उत्तर प्रदेशमा लूको स्थिति बन्ने आशंका छ।

**आर्चरी विश्वकप**

चीनमा जारी आर्चरी विश्वकपमा ज्योति सुरेखा भेन्नम अनि अभिषेक वर्माको मिश्रित जोडीले फाइनलमा प्रवेश गर्दै भारतका निम्ति चौथो पदक पक्का गरेका छन्। उनीहरुले सेमिफाइनलमा मेक्सिकोका एन्ड्रिया बेसेरा र लोटे म्याक्सिमो मेन्डेज ओर्टिजको जोडीलाई पराजित गरेका थिए।

फाइनलमा भोलि भारतीय जोडीको भिडन्त इस्टोनियासँग हुनेछ । बुधवार फाइनलमा पुग्ने महिला कम्पाउण्ड टीममा ज्योति पनि एक सदस्य थिइन्।

**आइपीएल**

आइपीएल क्रिकेटमा अहिले कोलकाताको ईडन गार्डनमा कोलकाता नाइट राइडर्स र पञ्जाब किंग्सको भिडन्त शुरु भएको छ। हिजो हैदराबादमा सम्पन्न खेलमा रोयल चैलेञ्जर्स बेङ्गलुरुले सनराइजर्स हैदराबादलाई 35 रनले पराजित गरेको थियो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **लोकसभा चुनाउको दोस्रो चरणको मतदान आज शान्तिपूर्ण सम्पन्न, 65 प्रतिशतभन्दा धेरै मतदान**
- **VVPAT स्लिपहरूसँग EVM -को डाटा मिलाउनु पर्ने माग गर्ने याचिकाहरू सर्वोच्च न्यायालयद्वारा खारेज**
- **लोकसभा चुनाउको पाँचौ चरणको निम्ति अधिसूचना जारी**
- **आर्चरी विश्वकपमा ज्योति अनि अभिषेकको मिश्रित जोडी फाइनलमा, अनि**
- **आइपीएलमा अहिले कोलकाता र पञ्जाबको भिडन्त हुँदै**

  आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो